**राष्ट्रिय मानव अधिकार आयोग, नेपाल**

***७० औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माले दिनु भएको मन्तव्य***

***सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यू,***

***माननीय उपसभामुखज्यू, पूर्व सभामुखज्यू, संसदीय समितिका माननीय सभापतिज्यू, माननीय पूर्व सभामुखज्यू, सर्वोच्च अदालतका माननीय न्यायाधिशज्यूहरु, संवैधानिक अंगका प्रमुखज्यूहरु, माननीय सांसदज्यूहरु, संवैधानिक निकायका सदस्यज्यूहरु, नेपाली सेनाका प्रधान सेनापतिज्यू, नेपाल सरकारका सचिवज्यूहरु, संयुक्त राष्ट्र संघका नेपाल स्थित प्रतिनिधिज्यू, नेपालस्थित विदेशी राजदूतहरु, नेपाल प्रहरीका प्रहरी महानिरीक्षकज्यू, सशस्त्र प्रहरी महानिरीक्षकज्यू, उच्च अदालतका न्यायाधीशज्यूहरु, गैरसरकारी संघ संस्थाका प्रतिनिधिज्यूहरु, नागरिक समाजका प्रतिनीधिज्यूहरु, मानव अधिकारकर्मी मित्रहरु, सञ्चारकर्मी मित्रहरु तथा आमन्त्रित सम्पूर्ण विशिष्ट अतिथिज्यूहरु***
...................................

संयुक्त राष्ट्र संघद्वारा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ७० वर्ष, मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको सक्षमता र प्रभावकारिता सम्बन्धी पेरिस सिद्धान्त, १९९३ जारी भएको २५ वर्ष तथा मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्र, १९९८ जारी भएको २० वर्ष पुगेको अवसरमा आयोजित यस कार्यक्रममा उपस्थित भइदिनुभएकोमा म सम्माननीय प्रधानमन्त्रीज्यू सहित सम्पूर्ण अतिथि महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

मानव अधिकारको मूल दस्तावेजको रुपमा मानव अधिकारको विश्वव्यापी घोषणपत्रलाई सवैले स्वीकार गरेका छन् । ५०० भन्दा बढी भाषामा अनुवादित गरिएको यो दस्तावेज संसारको सवैभन्दा बढी भाषामा अनुवाद गरिएको एक मात्र दस्तावेज हो । त्यसकारण यसको व्यापकता र महत्वलाई हामीले अनुभूति गर्न सक्छौं ।

स्वतन्त्रता, समानता, मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने मानवका नैसर्गिक अधिकारहरुको उपयोग गर्न कसैले बन्देज गर्न सक्दैन भन्ने विषयलाई स्मरण गर्दै आजको यस शुभ दिनमा विश्वले दिवसको रुपमा मनाउँदै आएको छ । आजको यस दिनले हामी सवैलाई मानव अधिकार संस्कृतिको मन, वचन र कर्मले परिपालना र सम्मान गर्न प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीयज्यू,

संविधान-सभाबाट २०७२ असोज ३ गते नेपालको संविधान जारी भई संघ, प्रदेश र स्थानीय तह समेतको निर्वाचन सम्पन्न भएको छ । संविधानको कार्यान्वयनको लागि केही कानूनहरु तदारुकताका साथ निर्माण भएको अवस्थालाई सकारात्मक उपलब्धिको रुपमा लिन सकिन्छ ।

मानव अधिकारका विषयलाई सबै तहका सरकारले अंगीकार गरिसकेको अवस्था छ । स्थानीय तहदेखि प्रदेश र संघीय सरकारले अझै थुप्रै संयन्त्रहरु स्थापना गरी मानव अधिकारका विविध विषयको कार्यान्वयनमा विशेष ध्यान पुऱ्याउने छन् भन्ने मैले विश्वास लिएको छु । आशा छ, भोलिका दिनमा सबै तहका सरकारहरु मानव अधिकार कार्यान्वयनमा प्रतिवद्ध हुने छन् ।

देश सशस्त्र द्वन्द्वबाट शान्तितर्फ उन्मुख भएको बाह्र वर्ष वितिसक्दा समेत द्वन्द्वमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था अझैसम्म सार्वजनिक हुन नसक्नु, बाल सैन्य तथा बहिर्गमित लडाकुहरुलाई व्यवस्थापन गर्न नसक्नु, सशस्त्र द्वन्द्वको क्रममा मारिएका व्यक्तिहरूका परिवारले अझैसम्म पनि न्यायको अनुभूति गर्न नपाउनु सुखद पक्ष होइन । विस्तृत शान्ति सम्झौताको कार्यान्वयनमा देखिएको यो एउटा ठूलो चुनौति हो । यौनजन्य हिंसा, यातना जस्ता गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरूको व्यवस्थित अभिलेखीकरण हुन नसक्नाले विस्तृत शान्ति सम्झौताको पूर्ण कार्यान्वयन हुन नसकेको स्पष्ट हुन आएको छ ।

सङ्क्रमणकालीन न्यायका लागि गठन भएका आयोगहरूप्रति पीडितहरूको असन्तुष्टिको संकेतले सकारात्मक परिणाम दिन सक्दैन । द्वन्द्व पीडितहरूको सत्य तथ्य जान्न पाउने अधिकारको संरक्षण गरी उनीहरूलाई न्याय र परिपूरणको माध्यमबाट सन्तुष्टि प्रदान गरी मेलमिलाप र संस्थागत सुधारको माध्यमबाट भविष्यमा त्यस किसिमका घटनाहरूको पुनरावृत्ति हुन नदिने कुराको सुनिश्चितता साथै गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनका दोषीलाई कानूनी दायरामा ल्याइने वातावरण भएमा मात्र संक्रमणकालीन न्यायको कार्यभार पूरा भई विस्तृत शान्ति सम्झौताको वास्तविक कार्यान्वयन हुने देखिन्छ । न्याय तथा सुरक्षा प्रणाली सुदृढ तथा प्रभावकारी भएमा संक्रमणकालीन न्याय प्राप्तिमा सहयोग हुन सक्दछ ।

मानव अधिकार तथा मानवीय कानून एवम् कानूनको गम्भीर उल्लङ्घन तथा अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउने कार्यमा देखिएको उदासिनता, फौजदारी अपराधका कहाली लाग्दा घटनाहरुले निरन्तरता पाउनु, प्रहरीबाट कतिपय अवस्थामा प्रभावकारी अनुसन्धान तथा अभियोजन हुन नसक्नु जस्ता कारणबाट दण्डहीनताले प्रश्रय पाइरहेको देखिन्छ । अपराध तथा मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई कुनै पनि वहानामा नपञ्छाई कानूनको दायरा भित्र ल्याई दण्डहीनताको अन्त्य गर्नका लागि राज्यका सवै निकायहरूले प्रभावकारी भूमिका निभाउनै पर्दछ । यसका लागि अपराध नियन्त्रण संयन्त्रलाई क्रियाशील बनाउन अपराध अनुसन्धानलाई वैज्ञानिक र आधुनिक बनाउनुपर्दछ ।

यस आर्थिक वर्षमा आयोगमा १५२ वटा उजुरीहरु परेका छन् । सशस्त्र द्वन्द्वको समयमा जस्तो नागरिक र राजनीतिक अधिकारमा उजुरीहरुको चाप आयोगमा अहिले छैन । तर द्वन्द पश्चातका अवधिमा शिक्षा, स्वास्थ्य, न्यायप्रशासन, महिला अधिकार, वाल अधिकार, जातीय विभेद, अपाङ्गता भएका व्यक्तिको अधिकारहरुको सुनिश्चितता हुन नसकेको विषयमा उजुरीमा बृद्धि हुँदै आएको छ । विगतमा जस्तो व्यक्तिको जीवनको अधिकार, बेपत्ता, अपहरण र यातनाका घटनाहरुका केही उजुरीहरु भने पर्ने गरेको छ । उजुरीहरुको प्रकृति विश्लेषण गर्दा आगामी दिनहरुमा आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार लगायत सामूहिक अधिकारको उपभोगमा विशेष कार्यहरु गर्नु पर्ने सरकार लगायत सबैको आवश्यकता रहेको देखिन्छ ।

आयोगले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उलङ्घनका घटनाहरू सम्बन्धी बहुसङ्ख्यक घटनाहरूमा छानविन तथा अनुसन्धान गरी दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि नेपाल सरकारलाई सिफारिस गरेको छ । यस क्रममा पीडितलाई न्याय प्रदान गर्न ९४८ वटा उपचारात्मक सिफारिस गरेको छ भने आव २०७४/०७५ सम्म ८४ वटा नीतिगत सिफारिस गरेको छ । २०५७ सालदेखि २०७४ साल असार मसान्तसम्म गरेका सिफारिस र तिनको कार्यान्वयनको अवस्था हेर्दा विल्कुलै सन्तोष मान्न सकिन्न । कार्यान्वयन भएका सिफारिसहरू क्षतिपूर्ति उपलब्ध गराउने विषयसँग मात्र सम्बन्धित छन् । मानव अधिकार उल्लङ्घनका घटनामा संलग्नहरूमाथि कानूनी कारबाही गर्नु भनी गरिएका सिफारिसहरूको कार्यान्वयन हुन सकेको छैन ।

आयोगले पछिल्लो समय नागरिक तथा राजनीतिक अधिकारको साथ साथै आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार, जेष्ठ नागरिकका अधिकार, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, कारागार तथा हिरासतमा रहेका कैदी,

बन्दीहरुको अधिकार, महिला अधिकार, बाल बालिकाको अधिकार, वातावरण र विकास, आप्रवासी कामदारको अधिकार लगायतका विषयहरुमा निरन्तर अध्ययन, अनुगमन, अनुसन्धान तथा सचेतानात्मक कार्यहरुलाई प्राथमिकता दिँदै आएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले गत फागुन महिनामा दक्षिण एसियामा मानवअधिकार र दण्डहीनताको स्थिति विषयक अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनमा मानव अधिकार राष्ट्रिय संस्था लगायतका २२ देशका प्रतिनिधिहरु, Global Alliance of NHRIs (GANHRI), Asia Pacific Forum of National Human Rights Institutions (APF) तथा नागरिक समाजका प्रतिनीधीहरु एवम् विषय विज्ञहरुको सहभागिता रहेको थियो । अन्तर्राष्ट्रिय सम्मेलनले दक्षिण एसियाका मुलुकहरुको मानव अधिकार सुढृढ गर्न र दण्डहीनता अन्त्यका लागि सरकार तथा राष्ट्रिय मानव अधिकार संस्थाहरुलाई सुझाव समेत दिएको थियो । राष्ट्रिय मानव अधिकार आयोग भूकम्प पछि विगत ३ वर्षमा आफैं पनि प्रभावित बनेको छ । यसबाट प्रभावकारी रुपमा मानव अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यमा समेत प्रभाव परेको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू तथा अतिथिज्यूहरु,

मानव अधिकार संरक्षण तथा सम्बर्धनमा राज्य पुनरसंरचना प्रक्रियामा देखा परेका चुनौतीहरुको व्यवस्थापन गर्नु आजको आवश्यकता रहेको छ । साथै नागरिकको आधारभूत अधिकारहरु सुनिश्चित गर्नका लागि सवै तहका सरकारहरु सम्वेदनशील तथा जिम्मेवार हुन समेत आवश्यक छ । मानव अधिकार संरक्षण, सम्बर्धन र यसको सुनिश्चितताको कार्यादेश सहित स्थापित यस आयोगलाई सहयोग र साथ दिनुहुने सम्पूर्ण नागरिक समाज, मानव अधिकारकर्मी तथा संचार जगत तथा नेपाल सरकारलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यथेष्ठ र आवश्यक सहयोग, समन्वय एवं सहकार्यको अपेक्षा गर्दछु ।

मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन र परिपूर्ति राज्यका कुनै एक निकायको प्रयासले मात्र संभव छैन । यसमा नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाजको संयुक्त प्रयास र सहकार्यमा मात्र संभव छ । नेपाल सरकार, आयोग र नागरिक समाज वीचको दूरी जति कम हुन्छ त्यति नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा देशको छवि उज्यालो हुन्छ । त्यसैले हामी वीच एक आपसमा भएका असहमति र तिक्ततालाई थाति राख्दै देशको मानव अधिकारको अवस्था सुधार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा देशको छवि उच्च पार्न नेपाल सरकार, नागरिक समाज र सम्पूर्ण सवै पक्षलाई आग्रह गर्दछु ।

साथै, सबै सुरक्षा संयन्त्र, सरकारी निकायहरु, राजनीतिक दलहरु, पेशागत संघ संगठन एवं बुद्धिजिवी वर्गले मानव अधिकारको सम्मानगर्दै मानव मर्यादा उच्च राख्न, नागरिकले मानव अधिकारको प्रत्याभूति भएको अनुभूति गर्न सकिने वातावरण निर्माण गर्न आ आफ्नो स्थानबाट यथेष्ठ योगदान पुर्‍याउनु नै हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, आफ्नो व्यस्तताको बाबजुद अमूल्य समय दिई आजको यस समारोहमा सरिक हुनु भएका सम्माननीय प्रधानमन्त्री श्री के.पी शर्मा ओलीज्यू, विशिष्ट अतिथिज्यूहरु तथा आमन्त्रित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै विदा हुन्छु ।

॥ धन्यवाद ॥

२४ मंसिर, २०७५,

ललितपुर, नेपाल